आज मिति २०७९ मंसिर १५ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री धनमाया सुनार | का.वा. वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री वाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सवु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

# ७४ औं कार्यपालिका बैठक (२०७९।०८।१५)

विषय सूचीः

१. क्रसर उद्योगलाई कार्यालयको निर्णयानुसार दिएको नदिजन्य पदार्थको संकलन, अनुमती, अनुमोदन सम्बन्धमा

२. नदिजन्य तथा खानीजन्य पदार्थको ठेक्का सम्बन्धमा

३. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन सम्बन्धमा

४. बसपार्क सञ्चालनमा भएको खर्च अनुमोदन सम्बन्धमा

५. विविध

क) कर्मचारीको थप सुविधा सम्बन्धमा

ख) दैवि विपत्ती, मेसिन प्रयोग गरी गर्ने कार्य र निर्माण सामाग्री खरिद गर्ने कार्यमा जनसहभागीता सम्बन्धमा

ग) बट्टार राममन्दिरबाट त्रिशुली पुल सम्मको बाटो टालटुल (प्याचवर्क) सम्बन्धमा

घ) घर अगाडी बनाइएका टहरा र ठेला गाडी सम्बन्धमा

ङ) फोहोरमैला व्यवस्थापन गर्ने ठाउँ सम्बन्धमा

च) दुधको मुल्य सम्बन्धमा

छ) ढुंगा खानीसँग सम्बन्धीत उद्योग दर्ता सिफारिस सम्बन्धमा

**निर्णयहरु :**

प्रस्ताव नं १ : क्रसर उद्योगलाई कार्यालयको निर्णयानुसार दिएको नदिजन्य पदार्थको संकलन, अनुमती, अनुमोदन सम्बन्धमा

निर्णय नं १ः विदुर नगरपालिका वडा नं ५ मा स्थापना भएको वर्डस्टोन क्रसर उद्योगलाई यस कार्यालयको च.नं ८८४ मिति २०७८।७।१७ को पत्रद्वारा तादी खोलाको IEE गरेको क्षेत्रबाट १५०० घ.मि. नदिजन्य पदार्थ उत्खनन् गर्न दिएको नगर प्रमुख स्तरीय निर्णयको अनुमतीलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै यस पालिका भित्रका नदीजन्य पदार्थ प्रशोधन उद्योग, निर्माण व्यवसायीहरु, उपभोक्ता समिति र संघ संस्थाहरुले माग गरेमा स्वीकृत IEE को मापदण्ड बमोजिम उत्खनन् गर्न अनमती दिने निर्णय गरियो ।

प्रस्ताव नं २ : नदिजन्य तथा खानीजन्य पदार्थको ठेक्का सम्बन्धमा

निर्णय नं २ः यस नगरपालिका भित्रका नदिजन्य तथा खानीजन्य पदार्थ विक्रि वितरण गर्नलाई पाचौं पटक मिति २०७८।०७।०३ मा ३० दिने सूचना प्रकाशन भएकोमा उक्त समय अवधी भित्र कुनै पनी बोलपत्र दर्ता नभएकोले पाचौं पटकमा कबोल गरिएको अंक ४,७१,००,०००। (अक्षेरुपी चार करोड एकहत्तर लाख मात्र) कायम गरी पुन छैटौं

पटक बोलपत्र आव्हान गर्न राजश्व परामर्श समितिबाट सिफारिस गरी आएकोले पुनः सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं ३ : स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन सम्वन्धमा
निर्णय नं ३ : स्थानीय तहको कार्यप्रक्रिया, उपलब्धीहरुको लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास निर्माण तथा सुशासनमा आएको कमी कमजोरीहरुको जानकारी लिन स्थानीय तहले १० वटा विषयगत क्षेत्रहरुमा अघिल्लो आर्थिक वर्षको स्वमूल्याकंन गनुपर्ने भएको हुँदा यस कार्यालयको आ.व. २०७८।०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकंन कार्यको लागी योजना अधिकृत छैटौं श्री हरि प्रसाद प्याकुरेल र सूचना प्रविधि अधिकृत श्री प्रेक्षा शाहलाई जिम्मेवारी दिने निर्णय गरियो । साथै यस कार्यमा संलग्न तोकिएका व्यक्ति सहित प्रमुख प्रशासकीय अधिकृत, प्रशासन प्रमुख र लेखा प्रमुखलाई थप काम वापतको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं ४ः बसपार्क सञ्चालनमा भएको खर्च अनुमोदन सम्वन्धमा
निर्णय नं ४ : यस विदुर नगरपालिका अन्तर्गत वडा नं ४ को वसपार्क सञ्चालनमा ल्याउँदा केही संरचना निर्माण गर्न परेकोले उक्त संरचना निर्माणं गर्दा यस अघि भएको खर्च रकम रु. ६,७४,२३३। (अक्षेरुपी छ लाख चौहत्तर हजार दुइ सय तेत्तिस मात्र) समर्थन गर्ने निर्णय गरियो ।

विविध
क) कर्मचारीको थप सुविधा सम्वन्धमा :
निर्णय : यस कार्यालयमा कार्यरत कर संकलनमा खटिने कर्मचारीहरुलाई खटिएको दिनको खाना खर्च रु. ३००। को दरले मिति २०७९।०४।०१ गते देखि लागु हुने गरी थप सुविधा दिने निर्णय गरियो । साथै दमकल चालक, टिपर चालक, फायरम्यान, प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतका चालक, स्काभेटर चालक, जे.सि.भि चालक र प्राविधिक कर्मचारीहरुलाई फिल्डमा खटिएको दिन प्रमाणित गरी प्रति दिन रु ३००। को दरले खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

ख) दैवि विपत्ती, मेसिन प्रयोग गरी गर्ने कार्य र निर्माण सामाग्री खरिद गर्ने कार्यमा जनसहभागीता सम्वन्धमा :

निर्णयः यस कार्यालयले उपभोक्ता समिति मार्फत गरिने योजनामा दैवि विपत्ती, मेसिनको प्रयोग, निर्माण सामाग्री खरिद बाहेक अन्य निर्माण कार्यमा २० प्रतिशत जनसहभागीता जुटाउन पर्ने निर्णय गरियो ।

ग) बट्टार राममन्दिरबाट त्रिशुली पुल सम्मको बाटो टालटुल (प्याचवर्क) सम्वन्धमा :
निर्णयः विदुर नगरपालिका वडा नं २ बट्टार राम मन्दिर देखि त्रिशुली पुल सम्मको सडक टालटुल (प्याचवर्क) गर्न आवश्यक वजेट रु. ८,१३,१३५। (अक्षेरुपी आठ लाख तेह हजार एक सय पैतिस मात्र) विनियोजन गरी कार्य सञ्चालन गर्ने र नगर क्षेत्र भित्रका अन्य सडकहरुको आवश्यकता हेरि प्याजवर्क गर्ने निर्णय गरियो ।

घ) घर अगाडी बनाइएका टहरा र ठेला गाडी सम्बन्धमा :
निर्णयः देवीघाट देखि पिपलटार र ढुंगे देखि वेत्रावती पुल सम्मको सडक केन्द्र देखि दायाँवायाँ १५ मिटर खाली गर्ने र अन्य नगर क्षेत्र भित्र रहेका व्यस्त वंजार क्षेत्रको फुटपाथमा रहेका घुम्ती र ठेलागाढा हटाउने निर्णय गरियो । साथै नगरमा भएको पोलहरुको अव्यवस्थित तार व्यवस्थित गर्न सम्बन्धीत निकाय सम्म समन्वय गर्ने निर्णय गरियो ।

ङ) फोहोरमैला व्यवस्थापन गर्ने ठाउँ सम्वन्धमा
यस नगरपालिकाको फोहोरमैला विसर्जनको लागि उपयुक्त स्थान खोजि गर्न तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| उपप्रमुख | श्री प्रभा वोगटी | अध्यक्ष |
| वडा नं २ वडा अध्यक्ष | श्री दिपक कायस्थ | सदस्य |
| वडा नं ३ वडा अध्यक्ष | श्री वद्रि प्रसाद रिमाल | सदस्य |
| वडा नं. ४ वडा अध्यक्ष | श्री निलम वावु ढुंगेल | सदस्य |
| वडा नं ,५ वडा अध्यक्ष | श्री लिलानाथ न्यौपाने | सदस्य |
| वडा नं ८ वडा अध्यक्ष | श्री कमल श्रेष्ठ | सदस्य |
| वडा नं ८ का.वा. वडा अध्यक्ष | श्री धनमाया सुनार | सदस्य |
| समन्यकर्ता | श्री सुवास पाण्डे | |

च) दुधको मुल्य सम्वन्धमा
यस नगरपालिका क्षेत्र भित्र रहेका दुध संकलन केन्द्रहरुले उचित दुधको मुल्य नदिएको भन्ने गुनासोको सम्वन्धमा दुध व्यवसायीहरुलाई नगरपालिकामा वोलाएर कृषि शाखा सहित छलफल गरी मुल्य निर्धारणमा समन्वय एवं सहजीकरण गर्ने निर्णय गरियो ।

छ) ढुंगा खानीसँग सम्वन्धीत उद्योग दर्ता सिफारिस सम्वन्धमा
यस नगरपालिका वडा नं १२ मा ढुंगा खानी दर्ता गर्न सिफरिस माग भएकोले नुवाकोट खानी उद्योग प्रा.लि, वि.न.पा १२ लाई सिफारिस दिने निर्णय गरियो ।